**बाढीपहिरोबाट जोगिऔं**
- जथाभावी सडक निर्माण र वनविनाशले बाढीपहिरो निम्त्याउने हुँदा:
- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
बाढीपहिरोबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० असार १० गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 June 25 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९५

## गुणस्तरीय शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारमा जोड दिंदै पर्सागढीको बजेट पारित

बलिराम शुक्ला, बिरुवागुठी, ९ असार/

पर्सागढी नगरपालिकाको कार्यालय हरपुर पर्साको आयोजनामा आज पर्सागढी नगरपालिकाको नवौं नगरसभा सम्पन्न भयो ।



तस्वीर : प्रतीक

पर्सागढीको समृद्धिको आधार, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार भन्ने मूल नारा र प्राथमिकताको साथ पर्सागढी नगरपालिकाको नवौं नगरसभा सम्पन्न भएको छ ।

नगर प्रमुख गोकर्ण पाठकको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख पूजा चौधरीले ०८०/०८१ को कुल बजेट ५५ करोड ७० लाख ३८ हजार प्रस्तुत गरेकी थिइन् । सङ्घीय सरकारको वित्तीय समानीकरण अनुदान ११ करोड ८१ लाख, राजस्व बाँडफाँडबाट ११ करोड ५२ लाख ८ हजार, सशर्त अनुदानतर्फ २१ करोड ३० लाख, प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान ८७ लाख ३० हजार, प्रदेश सरकारको सशर्त अनुदान १ करोड, विशेष अनुदान ३० लाख, समपूरक अनुदान २० लाख, सवारी साधन कर ७० लाख, पर्सागढीको आन्तरिक आय ४ करोड ५० लाख, गत वर्षको अनुमानित मौज्दात ३ करोड ५० लाख गरी कुल जम्मा ५५ करोड ७० लाख ३८ हजारको अनुमानित बजेट नगर सभामा प्रस्तुत भएको थियो ।

नीति तथा कार्यक्रम पर्सागढीका नगर प्रमुख गोकर्ण पाठकले प्रस्तुत गरेका थिए ।

प्रमुख प्रशासकीय अधिकृत छविरमण भट्टराईले स्वागत मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमा नगरपालिकाका वडा अध्यक्ष, वडा सदस्यहरू, कर्मचारी, स्थानीय पत्रकार प्रमोदप्रसाद यादव, रञ्जन यादव, चिरञ्जीवी यादव र सुरक्षाकर्मी, समाजसेवीलगायतको उपस्थिति थियो ।

कार्यक्रममा उत्कृष्ट कार्य गरेबापत पर्सागढी नगरपालिका–३ का सचिव कुसुम दास र महिला तथा बालबालिका शाखाकी चेतकुमारी तिमल्सिनालाई नगद पुरस्कारसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

वडा अध्यक्ष शेख खुर्शीद अन्सारीले कार्यक्रमको सफलताको शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रमको उद्घाटन नगरप्रमुख गोकर्ण पाठकले पानसमा बत्ती बाली

(बाँकी अन्तिम पातामा)

## निजगढ नगरपालिकाको १२ औं नगर सभा सम्पन्न

प्रस, निजगढ, ०९ असार/

निजगढ नगरपालिकाको १२ औं नगर सभा शनिवार सम्पन्न भएको छ ।



तस्वीर: प्रतीक





निजगढ नगरपालिकाका नगर प्रमुख एवं सभाध्यक्ष सुरथ पुरीको अध्यक्षतामा नगरसभा सम्पन्न भएको छ ।

सो सभाले वार्षिक नीति, कार्यक्रम र बजेट सर्वसम्मत पारित गर्दै आर्थिक वर्ष २०८०/०८१ सालका लागि ८० करोड १५ लाख ८६ हजार विनियोजन गरेको छ । जसमध्ये २५ करोड ७२ लाख सङ्घीय सरकारबाट तोकिएर आउने छ ।

उक्त वार्षिक नीति, कार्यक्रममा स्वास्थ्य, शिक्षा, युवा, कृषि तथा भूमि, खानेपानी, राजस्व, श्रम र रोजगार, वित्तीय संस्था तथा सहकारी, वन तथा वातावरण, पर्यटन, संस्थागत विकास र सुशासन, महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद व्यवस्थापन, पूर्वाधार, भाषा, कला, साहित्य र संस्कृति, फोहोर मैला व्यवस्थापनसम्बन्धी नीति समेट्दै निजगढ नगरको दिगो विकास, नगरवासीका सकारात्मक आकाङक्षाहरू सम्बोधन हुनेगरी वार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुत गरिएको नगर उपप्रमुख सोममाया थिङले बताइन् ।

प्रस्तुत वार्षिक नीति, कार्यक्रमले समग्र पक्षलाई समेटेपनि कार्यान्वयनमा भने आशङ्का रहेको कार्यक्रममा सहभागी जनप्रतिनिधिहरूले भने । हालका जनप्रतिधिहरू निर्वाचित भएसँगै पहिलो नगर कार्यपालिका बैठकबाट निजगढ नपा ८ खयरघारी सुकुम्बासी बस्तीलाई नमूना बस्तीका रूपमा विकास गरिने निर्णय भए तापनि यस वर्षको वार्षिक नीति, कार्यक्रम र बजेटमा उक्त कुरा समेटिएको छैन ।

कार्यक्रममा नगरप्रमुख एवं सभाध्यक्ष सुरथ पुरीले वार्षिक नीति, कार्यक्रम र बजेटमाथि सङ्क्षिप्त मन्तव्य राख्दै यसको पूर्ण पालना गर्दै सफलतामा पुऱ्याउन सबै जनप्रतिनिधि, नगरवासीलाई आग्रह गरे । देशभरका अन्य नगरपालिकाहरूमा जस्तै यस नगरभित्र पनि विकासका अन्य गतिविधि गतिशील रहेको बताउँदै प्राथमिकतामा परेका विकास कार्य सञ्चालन गरिने उनले बताए ।

बितेको जेठको पहिलो साता निजगढ नपाको आयोजना र गभर्नेन्स एन्ड डिभाइन सोलुशन, काठमाडौंको प्राविधिक सहयोगमा सम्पन्न चार दिने कार्यशाला गोष्ठीमा निजगढ नगरपालिकाको १५ लाख खर्चमा आवधिक नगर विकास योजना तथा मध्यकालीन खर्च संरचना रणनीति तर्जुमा र मधेस प्रदेश प्रशिक्षक प्रतिष्ठानबाट ५ लाख खर्चमा राजस्व सुधार रणनीति तर्जुमा प्रतिवेदन तयार गर्न कुल २० लाख खर्च गरेपनि समयमा प्रतिवेदन उपलब्ध नभएको निजगढ नगरप्रमुख सुरथ पुरीले बताए ।

वार्षिक नीति, कार्यक्रम र बजेटका लागि अति आवश्यक सो पूर्ण प्रतिवेदन समयमा प्राप्त नहुँदा सहभागी जनप्रतिनिधि, स्थानीय राजनीतिक दल, विभिन्न सरोकारवाला संस्थाका प्रमुख तथा प्रतिनिधिहरूसँग परामर्श र छलफलमा उठेका सवाल सुझाव नसमेटेर वार्षिक नीति, कार्यक्रम र बजेट ल्याउन निजगढ नपा विवश भएको निजगढ नपाका कर्मचारीले भने ।

आज सम्पन्न कार्यक्रममा जनप्रतिनिधि, कार्यपालिका सदस्य, लगायत सञ्चारकर्मीहरूको सहभागिता थियो ।

## ठोरीलाई पर्साको सौराहा बनाउने : मन्त्री सिंहासन

प्रस, सेढवा, ९ असार/

मधेस प्रदेशको एक मात्र पर्यटकीय स्थलको रूपमा चिनिएको ठोरीको विकास



तस्वीर: प्रतीक

तथा स्तरोन्नतिका लागि मधेस सरकार अग्रसर रहेको जलस्रोत, सिंचाइ, ऊर्जा तथा खानेपानीमन्त्री सिंहासनसाह कलवारले बताए । ठोरी गाउँपालिकाको नवौं गाउँसभाको नीति तथा कार्यक्रमको उद्घाटन गर्दै मन्त्री कलवारले सो कुरा बताएका हुन् । यसभन्दा पहिले आफू सरकारमा नभएको बेला र ठोरी आफ्नो कार्य क्षेत्रभन्दा बाहिर रहे पनि ठोरीको विकासका लागि योगदान पुऱ्याएको मन्त्री कलवारले बताए । ठोरीलाई नेपालको अर्को सौराहा बनाउन मधेस सरकार लागेको मन्त्री कलवारले बताए ।

मन्त्री कलवारले ठोरीका किसानले दिनहुँ जङ्गली जनावरबाट दुःख भोग्दै आएकाले जङ्गल र मानव बस्तीबीच टावरलाइट जडान गर्ने प्रतिबद्धता जाहेर गरेका छन् । यसका अलावा ठोरीवासीका लागि खानेपानी व्यवस्थापन तथा अन्य क्षेत्रको विकासका लागि सक्दो प्रयास गर्ने मन्त्री कलवारले बताए ।

मधेस प्रदेशको लागि ठोरी गहना भएको जनता समाज पार्टी पर्साका अध्यक्ष रामनरेश यादवले बताए । यसको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटक भित्र्याउन जसपा सधैं लागिरहेको अध्यक्ष यादवले बताए ।

कार्यक्रममा ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले आगामी आवका लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, कृषिलाई प्रमुख प्राथमिकतामा राखिएको छ । ठोरीको शिक्षाका लागि प्रारम्भिक कक्षादेखि १२ कक्षासम्म पूर्ण निश्शुल्क तथा दलित, जनजाति, अति विपन्न परिवारका उत्कृष्ट बालबालिकालाई छात्रवृत्ति वितरण र छात्रावासको व्यवस्था गरिने नीति रहेको छ । जनप्रतिनिधि र नेपाल सरकारका कर्मचारीका बालबाच्चालाई अनिवार्य सामुदायिक विद्यालयमा भर्ना गर्ने नीतिलाई निरन्तरता दिने आध्यक्ष श्रेष्ठले बताए ।

कृषकको जीवनस्तर उकास्न मौसमी तथा बेमौसमी तरकारी र फलफूल उत्पादन गर्ने नीति रहेको छ । यसका साथै ताजा तरकारी उत्पादन गर्ने उद्देश्यले 'एक परिवार एक करेसाबारी'को अवधारणा ल्याउने र 'एक परिवार दुई बिरुवा' रोप्ने अभियान सञ्चालन गरिने छ । बढी वृक्षारोपण गर्ने नागरिकलाई सम्मानित गरिने नीति नीति तथा कार्यक्रममा रहेको अध्यक्ष श्रेष्ठले बताए ।

स्वास्थ्य सेवा प्रवाहमा सुधार गर्दै प्रत्येक वडामा निश्शुल्क प्रयोगशाला स्थापना गर्ने नीति रहेको छ । यसका अलावा अतिक्रमित सार्वजनिक जग्गामा वृक्षारोपण, फ्री वाइफाइ जोन, ततबन्ध, खानेपानी व्यवस्थापनलगायत समेटिएको छ ।

कार्यक्रममा जिल्ला समन्न्य समिति पर्साका पूर्व उपसभापति ठाकुरप्रसाद न्यौपाने, नेकपा ठोरीका अध्यक्ष खगेन्द्र श्रेष्ठ, नेपाली काङ्ग्रेस ठोरीका प्रतिनिधि शम्भुराम पौडेल, नेता लेखमान थापा, शिक्षा संयोजक भोपाल जोशीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## विश्रामपुर गापाको बजेट रु ३३ करोड ९७ लाख

प्रस, वीरगंज, ९ असार/

बाराको विश्रामपुर गाउँपालिकाको १३ औं गाउँसभा आज सम्पन्न भएको छ ।

गापाको सभाहलमा आयोजित गाउँ सभाले आव २०८०-०८१ को लागि रु ३३ करोड ९७ लाख ९० हजारको अनुमानित बजेट पारित गरेको छ । विनियोजित बजेटमा चालूतर्फ रु १२ करोड २६ लाख २४ हजार, पूँजीगततर्फ रु ९ करोड १९ लाख ६६ हजार विनियोजन गरिएको छ भने सशर्ततर्फको चालूतर्फ रु ९ करोड ८९ लाख र पूँजीगत तर्फ रु ६३ लाख, सङ्घीय र प्रदेश सम्पूरक र विशेष अनुदान २ करोड विनियोजन गरिएको छ ।

गापाको आगामी बजेटमा शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखिएको छ । अन्य क्षेत्रको बजेटसमेत कटौती गर्दै शिक्षामा रु १ करोड २७ लाख बजेट विनियोजन गरिएको छ भने जेष्ठ नागरिक, जेहेन्दार विद्यार्थीहरूलाई निश्शुल्क शिक्षा, कृषि, खानेपानी, सडक, मठमन्दिर, पर्यटकीय क्षेत्र, बीउ बिजनलगायत क्षेत्रमा बजेट विनियोजन गरेको गाउँपालिकाका अध्यक्ष जुल्फिकार अलि भुट्टोले बताए ।

गापा अध्यक्ष जुल्फिकार अलि भुट्टोको अध्यक्षता एवं पालिकाका नायब सुब्बा देवकुमार मण्डलको सहजीकरणमा सम्पन्न भएको कार्यक्रममा आगामी आव २०८०-०८१ को नीति तथा कार्यक्रम एवं अनुमानित बजेट गापा उपाध्यक्ष प्रियङ्का देवीले प्रस्तुत गरेकी थिइन् । गाउँसभामा



तस्वीर: प्रतीक

गापाका प्रमुख प्रशासकीय अधिकृत सुधन लामिछाने, वडा अध्यक्षहरू सन्तोषकुमार पटेल, मनोजकुमार यादव, शिवचन्द्र प्रसाद यादव, किशोरीसाह तुराहा, अमीरीलालप्रसाद गुप्तालगायतको सहभागिता थियो । गाउँसभामा वडा नं ४ का वडा अध्यक्ष तुरहाले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।


(उमेश शर्मा)

**हार्दिक शुभकामना**

वीरगंज उद्योग वाणिज्य सङ्घको स्थायी आमन्त्रित सदस्यमा मनोनित भएका भाईद्वय उमेश शर्मा र सञ्जय अग्रवाललाई हार्दिक बधाई तथा कार्यकाल सफलताको लागि शुभकामना ।


(सञ्जय अग्रवाल)

**शत्रुघ्न नेपाल** (सम्पादक), **प्रतीक दैनिक**

## विचारसार र सूक्तिहरू

**तीनवटा कुरा बदल्नुपर्छ– बहानालाई कोशिशमा, अल्छिलाई निश्चयमा र समस्यालाई मौकामा ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# मूल्यवान छ जीवन

एकपटक भ्रमण गर्दै महात्मा बुद्ध एउटा गाउँमा पुगे । गाउँका मानिसले उनको निकै आदर–सत्कार गरे । गाउँलेहरूले बुद्धलाई आफ्नो गाउँमा बस्न अनुरोध गरे । गाउँलेहरूको आग्रहले गर्दा बुद्धले गाउँमा वास बनाए । साँझ–बिहान उनको प्रवचन हुन थाल्यो । बुद्धको सत्सङ्गमा गाउँका धेरै मानिस प्रवचन सुन्न आउन थाले ।

त्यस गाउँमा बुद्धको सत्सङ्गको आज अन्तिम दिन थियो । सत्सङ्गमा सामेल धेरै मानिसको मनमा धेरैथरी जिज्ञासा थिए । ती सबै बुद्धका समक्ष आफ्नो जिज्ञासा प्रस्तुत गरिरहेका थिए र बुद्ध प्रसन्नतापूर्वक गाउँलेहरूको जिज्ञासाहरूको निराकरण गरिरहेका थिए । बुद्धले भनेका कुरा मानिसहरूको मुटुमा बसिरहेको थियो । बुद्धको वाणी मानौं मानिसका मनमा प्रवेश गरिरहेको थियो । मानिसहरू बुद्धले भनेका कुरा आफ्नो जीवनमा उतार्न र अँगाल्न प्रसन्नतापूर्वक राजी भइरहेका थिए । बुद्ध मानिसका जिज्ञासा शान्त पारिरहेका थिए र मानिसहरू सन्तुष्ट भइरहेका थिए ।

बुद्ध र गाउँलेहरूबीच भइरहेको वार्ता एकजना मानिस बडो ध्यानले सुनिरहेका थिए । उसका मनमा पनि केही प्रश्न थियो । जस्तै मृत्यु के हो ? मृत्युपछि मानिसको के हुन्छ ? स्वर्ग र नर्कको अवधारणा कहाँसम्म सत्य हो, आदि; तर जब उनले देखे कि बुद्ध त मानिसका मौलिक तथा सांसारिक समस्या निदान गर्न व्यस्त छन्, उनलाई बडो अचम्म लाग्यो ।

उनी मनमनै सोचिरहेका थिए कि बुद्धलाई गाउँलेका पारिवारिक झन्झट र दुनियाँदारीमा अल्झेर के लाभ ? बुद्धले त भगवत्भजन गर्नुपर्ने हो । उनले मौलिक समस्याहरूबाट ग्रस्त गाउँलेहरूका लागि यति समय किन बर्बाद गर्नुपर्‍यो । उनी विचार गरिरहेका थिए कि यहाँ भेला भएका मानिसका व्यक्तिगत समस्याहरूलाई बुद्धले किन यति महत्त्व दिइरहेका छन् ?

उनलाई लाग्यो–बुद्धको व्यवहार हेरेर त यस्तो लाग्दछ मानौं यिनीहरूको दुःख बुद्धकै दुःख हुन् । पछि बुद्धसँग भेट्ने उनको पालो पनि आयो । बुद्धसँग भेट हुने बित्तिकै उनले सोधे–“महाराज ! तपाईंलाई यी मौलिक र सांसारिक कुरासँग के लिनुदिनु छ र ?”

बुद्धले भने–“म पनि त मानिस नै हुँ । यिनका दुःखले मलाई पनि व्यथित पार्दछन् । म यिनका आँखामा दुःखको होइन, खुशीको आँसु देख्न चाहन्छु । उनका दुःखका कारण हटाउन चाहन्छु । त्यसैले म उनीहरूको सबै कुरा ध्यानले सुन्दछु र उनको दुःख हटाउने प्रयास गर्दछु, अनि उनका आँखामा खुशीको आँसु देखेर मलाई पनि खुशी हुन्छ ।”

उनी भन्दै गए–“त्यसै पनि त्यो ज्ञानको के काम, जुन यति घमण्डी र आत्मकेन्द्रित होस् कि आफूबाहेक अरू कसैको चिन्ता गर्नै छाडोस् ? यस्तो ज्ञान त अज्ञानभन्दा पनि नराम्रो हुन्छ । यस्तो ज्ञान भारस्वरूप हो, जसले कसैको भलो हुन सक्दैन । ज्ञान तब मात्र सार्थक छ, जबसम्म लोककल्याणमा, लोकहितमा संलग्न छ, सुनियोजित छ । जुन ज्ञानले मानिसको मौलिक समस्याहरूको समाधान गर्न सक्दैन, त्यो कस्तो ज्ञान ? आफूसँगै अरूका लागि आनन्द र कल्याणको मार्ग प्रशस्त गर्नमा नै ज्ञानको सार्थकता छ ।”

**जीवनलाई निर्विघ्न र निष्कण्टक बनाएर नै यस जीवनलाई खुशीले भर्न सकिन्छ, आनन्दले भर्न सकिन्छ । बुद्धपुरुष प्रदत्त ज्ञान नै जीवनलाई निष्कण्टक र निर्विघ्न बनाउने सशक्त साधन हो । हामीले यसै ज्ञानको उपासना गर्नुपर्छ ।**

बुद्ध भन्दै गए–“वत्स ! मलाई थाहा छ तिम्रा मनमा मृत्युविषयक प्रश्न उठिरहेका छन् । मृत्योपरान्त के हुन्छ तिमी त्यो जान्न खोजिरहेका छौ, तर पहिले तिमी मेरो एउटा प्रश्नको जवाफ देऊ । यदि कुनै मानिस कहीं गइरहेको छ र एक्कासि उसको शरीरमा कतैबाट एउटा विषाक्त वाण आएर रोपियो भने उसले के गर्नुपर्छ ? पहिले उसले शरीरमा रोपिएको वाण झिक्नु बुद्धिमानी हुन्छ कि यो पत्ता लगाउनु कि त्यो वाण कताबाट आयो र कसलाई लक्ष्य गरेर हानिएको थियो ।”

ती व्यक्तिले भने–“भगवन् ! पहिले त शरीरमा रोपिएको वाण नै झिक्नुपर्छ, अन्यथा विष शरीरमा चारैतिर फैलिन्छ ।” बुद्धले भने–“तिमीले ठीक भन्यौ वत्स ! अब तिमी भन पहिले यस जीवनका दुःखहरूको निवारण गर्ने कि मृत्युपछिको कुराबारे सोच्ने ?” त्यो व्यक्तिले तथागतको भनाइको तात्पर्य बुझ्यो । ऊ तथागतको चरणमा नतमस्तक भयो । उसले बुद्धसँग क्षमा माग्यो र उनका उपदेशहरू आफ्नो जीवनमा अभ्यास गर्ने प्रतिज्ञा पनि गर्‍यो ।

वास्तवमा जीवन मृत्युभन्दा बढी मूल्यवान छ, महत्त्वपूर्ण छ । जीवनलाई मनभरि बाँच्नका लागि, जीवनलाई आनन्दले भर्नका लागि जीवनसँग जोडिएका समस्याहरूको समाधान पनि उत्तिकै आवश्यक छ ।

जीवनलाई निर्विघ्न र निष्कण्टक बनाएर नै यस जीवनलाई खुशीले भर्न सकिन्छ, आनन्दले भर्न सकिन्छ । बुद्धपुरुष प्रदत्त ज्ञान नै जीवनलाई निष्कण्टक र निर्विघ्न बनाउने सशक्त साधन हो । हामीले यसै ज्ञानको उपासना गर्नुपर्छ ।

पुरानो समयको कुरा हो । एकजना राजाका तीनभाइ छोरा थिए । उनी तीनैलाई धेरै माया गर्दथे र तिनका भविष्यका लागि चिन्तित रहन्थे । एक दिन राजा तीनै भाइका साथ भ्रमणमा निस्के । बाटोमा एकजना महात्मा भेटिए । राजाले उनीसँग छोराहरूको भविष्य सोधे । महात्माले तीनै भाइलाई खानका लागि केरा दिए । जेठोले केरा खाएर बोक्रा बाटोमा फ्याँक्यो । माहिलोले डस्टबिनमा र कान्छोले गाईलाई खान दियो । तीनैजनाको चाला हेरेर महात्माले भने– “तिम्रो जेठो छोरो उद्दण्ड छ, माहिलो गुणी र समझदार, कान्छो चाहिं उदार र सज्जन छ । वस्तुतः आचरणले नै मानिसको स्वभाव थाहा हुन्छ र त्यसै आधारमा उसको भविष्य निर्धारित हुन्छ ।

# कृषिमा आधारित अर्थतन्त्र कसरी ?

**समयान्तर**



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**कृषि उत्पादन र यसका पूर्वाधारमा लगानी बढाउनुको सट्टा आम खपतका वस्तुमा कर लगाएर महँगी बढाउने नीति नत्यागेसम्म कृषिप्रधान देशमा आधारभूत खाद्यान्न आपूर्ति गर्न आयातको मुख ताक्ने अवस्था रहिरहन्छ । अर्थतन्त्रको आधार, अस्पष्ट नीति र भ्रष्टाचारमा टिकेसम्म उन्नति सम्भव छैन ।**

हामीले सबल र प्रतिस्पर्धी अर्थतन्त्रको कुरा गर्न र सुन्न थालेको आजदेखि होइन । तर, आजसम्म हुन नसकेको काम पनि यही हुन गएको छ, किन ? अर्थतन्त्रको सबलीकरणका लागि के गर्ने भन्नेमात्र होइन, केके नगर्ने भन्नेमा पनि स्पष्ट हुन आवश्यक छ । तर, हामीकहाँ हलोदेखि हाइड्रोसम्म सबै बनाउँछौं भन्दा केहीमा पनि सफलता हात नलागेको हो ।

हाम्रो अर्थतन्त्रको विशेषता के हुनुपर्दछ ? यो भावनाले होइन, भूगोल र भूराजनीतिक परिवेशले निर्धारण गर्ने विषय हो । दक्षिण र उत्तरतिर विश्वकै एक नम्बर अर्थतन्त्र बन्ने दौडमा प्रतिस्पर्धा गरिराखेका भारत र चीनबीच बसेर उनीहरूसँग प्रतिस्पर्धा होइन, समन्वयबाट लाभ लिने रणनीति हाम्रो हुनुपर्दछ । यहाँ त एउटालाई देखाएर अर्कालाई तर्साउन खोज्ने असफल कूटनीतिक मनोविज्ञान आजपर्यन्त हाबी छ ।

हामीकहाँ अहिले आयको स्रोत भनेको वैदेशिक रोजगारबाट आउने विप्रेषण मुख्य हो । अर्को, पर्यटनले अर्थतन्त्रलाई केही हदसम्म भरथेग गरिदिएको छ । त्यो पनि पूर्ण व्यावसायिक हुन सकेको छैन, हामीसँग भएको सीमित पूर्वाधार र व्यवहारमा पर्यटक खुशी भइदिनुपर्दछ भन्ने मानसिकताबाट पर्यटन क्षेत्र अघि बढेको छ । यो खतरनाक मनोवृत्ति हो । तर, यी दुवै आयस्रोत बाह्य परिस्थितिमा आधारित छन् ।

आन्तरिक स्रोतमा आधारित अर्थतन्त्र निर्माण नगरेसम्म बाह्य क्षेत्रको भरमा टिकेको आय कुनै पनि बेला धराशायी हुन सक्दछ । कोरोना महामारी यता वैदेशिक रोजगार र पर्यटन खुम्चिएपछि उत्पन्न अवस्थाको सकस अहिले पनि अर्थतन्त्रका सरोकारहरूले भोगिराखेका छन् । अर्थतन्त्रका सूचकमा अहिले केही सुधारका सङ्केत देखिए पनि बाहिरी स्रोतको भर कुनै पनि बेला धर्मराउन सक्दछ भन्ने कुरामा आशङ्का गर्न आवश्यक छैन ।

यस्तोमा हाम्रा मौलिक क्षेत्र के हुन सक्दछन् त ? कृषि र जलस्रोत उच्च सम्भावनाका क्षेत्र हुन् । यो आलेख कृषिमा आधारित अर्थतन्त्र कसरी निर्माण गर्न सकिन्छ भन्नेमा केन्द्रित छ । यसको उपयोगको नीति स्पष्ट छैन । कृषिप्रधान देशका बासिन्दाको चुलो, बाहिरबाट भित्रिएको अन्नको भरमा चलेको छ । बर्सेनि घट्दो अङ्कमैं भए पनि अर्थतन्त्रको वृद्धिमा मुख्य योगदान दिइराखेको कृषि क्षेत्रले उत्पादन गरेको खाद्यान्नले आन्तरिक माग धान्न सक्दैन भने सोचौं हाम्रो अर्थतन्त्रको धरातल कस्तो रहेछ ? कुल आयातमा आज पनि एकतिहाई मूल्य खाद्यान्नकै लागि बाहिरिएको छ ।

कृषिमा जति आधुनिकीकरणको कुरा भइराखेको छ, यो कर्मबाट त्यति नै विकर्षण छ, किन ? देशका युवा ५० डिग्री तातोमा काम गर्न तयार छन् । त्यही कमाइले यहाँ आयातित खाद्यान्नको मूल्य चुकाइएको छ । आफ्नो खेत बाँझो राखेर जनशक्ति विदेशीको खेतमा काम गर्न र चौपाया चराउन जाने अवस्थाको पुनरावृत्ति नरोकिएसम्म अर्थतन्त्रको उन्नयन सम्भव छैन । कृषिमा आधारित अर्थतन्त्रको दीर्घकालीन रणनीतिक योजना ल्याइने हो भने युवालाई स्वदेशकै कृषिमा आबद्ध गर्न सकिन्छ ।

गाउँघरका एकाध ठालूहरूको आँगनमा ट्याक्टर र खेतमा पम्पसेटको उपलब्धता कृषिको आधुनिकीकरण होइन । किसानको उब्जनीको बजार र उचित मूल्य नभएसम्म कृषिबाट उन्नति सम्भव छैन । कृषिमा आधुनिकीकरणले मात्र पुग्दैन, यसको उद्योगीकरण हुनुपर्दछ । उद्योगीकरण भनेको भारतभन्दा बढी लागतमा चामल उत्पादन र भारतलाई नै लक्षित गरी प्रशोधित तेलको उत्पादनमात्र पनि होइन । तुलनात्मक लाभका कृषि उत्पादन र त्यसको व्यापक खपत र निर्यात नभएसम्म कृषिप्रधान अर्थतन्त्र केवल काजगमा सीमित हुनेछ । स्वदेशी बजारमा भारतबाट सस्तो चामल नै भित्रिइराखेको छ भने त्यो उत्पादन छोडिदिए हुन्छ । मकै र गहुँमा पनि यही उपाय लागू हुन सक्दछ ।

स्पष्ट भइसक्यो, बाहिरबाट कच्चा पदार्थ भित्र्याएर हामीकहाँ उद्योगीकरण सम्भव छैन । स्वदेशी बजारको मात्र कुरा गर्ने हो भने पनि त्यस्ता उद्योगको संरक्षणको नाममा भन्सारमा लादिएको उच्च महसूल उपभोक्ता शोषणको उपक्रमबाहेक अरू केही बनेको छैन । उपभोक्ताको हितलाई पाखा लगाएर सापेक्ष अर्थतन्त्र सम्भव छैन । भावनामा बहकिएर अर्थतन्त्रको निर्माण हुँदैन । अब हामीले मौलिक विशेषतामा आधारित उत्पादन बढाएर त्यसको प्रवर्द्धनमा केन्द्रित हुनुपर्दछ । स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित कृषिजन्य उद्यमको प्रवर्द्धन गरिनुपर्दछ ।

संयुक्त राष्ट्रसङ्घले वर्ष २०२३ लाई कोदोजन्य बाली वर्षको रूपमा मनाउने घोषणा गरिसक्यो, हामीकहाँ अझै पनि यसलाई कुबाली मान्ने मानसिकता विद्यमान छ । पोषण र स्वास्थ्यका हिसाबले लाभकारी र प्रतिकूल मौसममा पनि उत्पादन हुन सक्ने भएकोले राष्ट्र सङ्घले कोदोको उपयोगिताबारे जागरुकता अभिवृद्धिका लागि यस्तो घोषणा गरिरहँदा राष्ट्रसङ्घको यो कार्यक्रमको प्रभाव आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको बजेटमा त देखिएको छ, तर यसको कार्यान्वयनमा आशङ्का छ ।

सरकारले बजेटमार्फत कोदोलगायत मार्सी, कागुनु, फापर, जौ, लट्टे, सिमीजस्ता रैथाने बाली प्रवर्द्धन गर्ने घोषणा गरेको छ । जलवायु परिवर्तनको असरको रूपमा देखा परेको मौसमी प्रतिकूलताबीच यस्ता बालीले उब्जनी दिन सक्छन् । विश्वभरि खाद्य सङ्कटका सङ्केत आइराख्दा हामीले यस्ता उत्पादनलाई बढावा दिने हो भने ती अर्थतन्त्रलाई बलियो बनाउने मौलिक अधारस्तम्भ हुन सक्दछन् । तर, यसका लागि स्पष्ट नीति, रणनीति र यसको कार्यान्वयनमा इमानदारीको अभाव नै मूल समस्याको रूपमा उभिएको छ । औसत घोषणाहरू कागजमैं सीमित रहने प्रवृत्तिका अगाडि अहिले आशावादीमात्र बन्न सकिन्छ, भर पर्न सकिन्न ।

हिमाली र पहाडी क्षेत्रमा उत्पादन हुने स्याउ, सुन्तला, अलैंची, चिया, कफीलाई ब्रान्डिङ गर्न सकिन्छ । तराईका फाँटहरूमा आप, लिची, केरा, खरबुजा, उखु, तरकारी बाली प्रवर्द्धन गर्नुपर्दछ । अब धान, गहुँ, मकैजस्ता परम्परागत बाली प्रतिस्पर्धी हुन सक्दैन । हाम्रो अर्थतन्त्रको आधार नै कृषि हो भने कृषिमा तुलनात्मक लाभका लागि व्यापक खोज, अनुसन्धान र स्रोत परिचालन गरिनुपर्दछ ।

प्रत्येक कृषि उपजलाई मूल्य अभिवृद्धिमा जोड्नुपर्दछ । यसका लागि यस्ता उत्पादनलाई उद्यमसँग आबद्ध गर्न उद्योगीकरणलाई प्रोत्साहन दिने नीति चाहिन्छ । स्वदेशी र विदेशी लगानी भित्र्याउने रणनीति अँगाल्नुपर्दछ । कृषि प्रशोधन उद्योगको पर्याप्त विकास भएमा कृषिक्षेत्रको सापेक्ष विकास हुन्छ । यस्ता उद्योगमार्फत पर्याप्त रोजगार सृजना हुन्छ । यसो भए वैदेशिक रोजगारमाथिको निर्भरता कम भएर जान सक्दछ ।

कृषि प्रवर्द्धनका नाममा चलाइएका कार्यक्रमहरूको प्रभावकारिताका लागि पारदर्शिता जरूरी छ । कृषि कर्जा, अनुदानजस्ता योजना लक्षित समुदायसम्म पुगेको छैन, यस्ता कार्यक्रम भ्रष्टाचारका जड बनेका छन् । कृषि उत्पादन र यसका पूर्वाधारमा लगानी बढाउनुको सट्टा आम खपतका वस्तुमा कर लगाएर महँगी बढाउने नीति नत्यागेसम्म कृषिप्रधान देशमा आधारभूत खाद्यान्न आपूर्ति गर्न आयातको मुख ताक्ने अवस्था रहिरहन्छ । अर्थतन्त्रको आधार, अस्पष्ट नीति र भ्रष्टाचारमा टिकेसम्म उन्नति सम्भव छैन ।

# शिक्षकशिक्षिका लागि सूचना प्रविधिसम्बन्धी तालीम

प्रस, पचगावाँ, ९ असार/

पर्साको पटेर्वा सुगौली गाउँपालिकाका सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरूलाई सूचना प्रविधिसम्बन्धी पाँच दिने क्षमता विकास तालीम दिइएको छ ।

गाउँपालिकाको कार्यालयले गाउँपालिकामा रहेका २४ वटा सामुदायिक विद्यालयमा अध्यापनरत आइटी स्रोत शिक्षकशिक्षिकाहरूलाई तालीम दिएको हो ।

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दापमा असार ५ देखि शुरू भई शनिवार सकिएको तालीमको मूल नारा ‘हामी सबैको प्रण, सार्वजनिक शिक्षा प्रणालीमा आइटीको सबलीकरण’ रहेको थियो । तालीममा सहभागी शिक्षक शिक्षिकाहरूलाई विद्यालयमा सूचना प्रविधि व्यवस्थित र पारदर्शी बनाउने विषयमा प्रशिक्षक देवेन्द्रसाह कानूले प्रशिक्षण दिएका थिए ।

शनिवार नेरामावि सुगौली दापकी सहायक शिक्षिका सुनीता चौधरीको अध्यक्षतामा आयोजित तालीमको समापन कार्यक्रममा पालिकाका शिक्षा शाखा प्रमुख सोलेन्द्र पजियार, सामाजिक विकास शाखा प्रमुख राजकुमार महतो, वडा नम्बर ४ का वडा अध्यक्ष बासु पजियारलगायतको उपस्थिति रहेको शिक्षक मोतीलाल चौधरीले जानकारी दिए ।




# चार दलको संयुक्त मोर्चा सुधार गर्न तम्सियो

प्रस, पोखरिया, ९ असार/

धोबिनी गाउँपालिकामा चार दलको संयुक्त बैठक शनिवार गुलरियामा सम्पन्न भएको छ ।



बैठकले धोबिनी गापामा भइरहेको बेथिति र भ्रष्टाचार नियन्त्रण गनए भोलि जिल्ला प्रशासन कार्यालय पर्सामा डेलिगेशन जाने निर्णय गरेको छ । जनप्रतिनिधिहरूले गरेका भ्रष्टाचार, विद्यालयमा पढाइ राम्रो नहुनु, जनताको काम छिटो छरितो नहुनु, शिक्षक दरबन्दी नहुनुलगायत विषयमा डेलिगेशनमार्फत जानकारी गराउने निर्णय भएको माओवादीका नेता सलाउदिन अहमदले बताए । साथै गाउँगाउँमा भइरहेका

(बाँकी अन्तिम पातामा)

# भोजपुरी वेब सिरिजः नशाको छायाङ्कन चल्दै

प्रस, वीरगंज, ९ असार/

भोजपुरी कथानक वेब सिरिज नशाको छायाङ्कन शुरु भएको छ ।

शिवम् आर फिल्म्सद्वारा निर्मित वेब सिरिजको छायाङ्कन एक सातादेखि वीरगंज आसपासको विभिन्न लोकेशनमा भइरहेको फिल्म युनिटले जनाएको छ । नयाँ पुस्ताको जीवन शैलीमा निर्माण भइरहेको वेब सिरिजमा कलाकार जितु जितेन्द्र, सपना साह, राम यादव, शिवप्रसाद कुर्मी, नेहा यादवलगायत कलाकारको अभिनय रहेको छ ।

शिवप्रसाद कुर्मी निर्माता रहेको उक्त वेब सिरिजको निर्देशक सुनील तिवारी रहेका छन् । वेब सिरिज युट्यूब




च्यानलमार्फत केही सातामैं रिलिज हुनेछ । वेब सिरिजको पहिलो अङ्क ४५ मिनेट लामो हुने जनाइएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## आणविक सुरक्षाबारे रूसमा छलफल

मस्को, ९ असार/सिन्हवा

रूसको रोसाटोम स्टेट कर्पोरेशनका महानिर्देशक एलेक्सी लिखाचेभले रूसको


तस्वीरः सिन्हवा

कालिनिनग्रादमा अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का महानिर्देशक राफेल ग्रोसीसँग जापोरिज्जिया आणविक ऊर्जा केन्द्र वरपरको वर्तमान आणविक सुरक्षा अवस्थाबारे छलफल गरेका छन्। छलफलका क्रममा दुवै प्रतिनिधिहरूले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्मा ग्रोसीले उठाएका मुद्दालाई सम्बोधन गरेका छन्।

लिखाचेभले जोड दिंदै भने–“रूसी पक्षले आइएइए सचिवालयले केन्द्र वरपरको इलाकामा युक्रेनी सशस्त्र बलले आक्रमण रोक्न विशेष कदम चालेको आभास मिलेको छ।”

उनले ग्रोसीलाई आणविक केन्द्रको सुरक्षित सञ्चालन सुनिश्चित गर्नका लागि हाल रूसी पक्षले चालेका विशेष उपायहरूबारे जानकारी गराएका थिए। विशेषगरी पानी आपूर्ति ‘युक्रेनी सशस्त्र सेनाले काखोभका हाइड्रोइलेक्ट्रिक पावर प्लान्टको बाँध नष्ट गरेपछि’ उत्पन्न सङ्कट लगायत विषयमा छलफल भएको रोसाटोमले बताएका छन्।

वार्तामा दुवै पक्षले जून १५ मा ग्रोसीको प्लान्ट भ्रमणको नतीजाबारे पनि थप छलफल गरेका छन्। आफ्नो भ्रमणको क्रममा ग्रोसीले प्लान्टले सुरक्षित सञ्चालन गर्न सक्छ कि सक्दैन भन्ने विषय व्यावहारिकरूपमा प्रमाणित गर्न सक्षम भएको पनि छलफल गरिएको छ।

## युएईका विदेशमन्त्री र विदेश राष्ट्रमण्डल प्रतिनिधिबीच भेटवार्ता

अबुधाबी, ९ असार/एएनआई

युएईका विदेशमन्त्री शेख अब्दुल्लाह


तस्वीरः एएनआई

बिन जायद अल नाह्यानले मध्यपूर्व, उत्तर अफ्रिका, दक्षिण एशिया र संयुक्त सङ्घका राज्यमन्त्री लर्ड तारिक अहमदसँग भेटवार्ता गरेका छन्। उनी बेलायती विदेश राष्ट्रमण्डल र विकास कार्यालय एवं द्वन्द्व रोकथाम विषयमा प्रधानमन्त्रीका विशेष प्रतिनिधि हुन्।

अबुधाबीमा भएको भेटवार्तामा दुई देशबीच मैत्रीपूर्ण सम्बन्ध र आपसी सहयोग र साझेदारीको समीक्षा भएको बताइएको छ। उनीहरूबीच आपसी हितका विभिन्न विषय, द्वन्द्वग्रस्त क्षेत्रमा नागरिकको सुरक्षा, उनीहरूलाई सहयोग र मानवीय प्रतिक्रिया प्रदान गर्ने बारे पनि छलफल भएको थियो।

सो अवसरमा अन्तर्राष्ट्रिय सङ्गठनको ढाँचामा संयुक्त सहयोगको समीक्षा, विकास र समृद्धिका लागि जनताको आकाङ्क्षा पूरा गर्नुका साथै विभिन्न क्षेत्र, विश्वको सुरक्षा, शान्ति र स्थिरता अभिवृद्धि गर्नेलगायत विषयमा छलफल भएको थियो।

शेख अब्दुल्लाह बिन जायद, लर्ड तारिक अहमद बीच युएई–युके सम्बन्धको गहिराइ, विभिन्न क्षेत्रमा दुई देशद्वारा प्राप्त विशिष्ट रणनीतिक साझेदारी अझ व्यापक बनाउने कुरामा जोड दिइएको बताइएको छ। रासस

## गलत सूचनाका कारण अमेरिकाको भविष्यबारे ह्वाइट हाउसका पूर्वप्रमुख सल्लाहकारको चिन्ता

लस एन्जलस, ९ असार/सिन्हवा

ह्वाइट हाउसका पूर्वप्रमुख चिकित्सा सल्लाहकार एन्थोनी फौसीले “असत्यको सामान्यीकरण”का कारण संयुक्त राज्य अमेरिकाको भविष्यबारे चिन्तित भएको उल्लेख गरेका छन्।

द हिलको फ्युचर अफ हेल्थ केयर समिटलाई सम्बोधन गर्ने क्रममा फौसीलाई सन् २०२४ को चुनावमा देशबारे सोधिएको प्रश्नको जवाफमा उनको सो धारणा आएको हो।

“म देशबारे धेरै चिन्तित छु किनकि हामीले के देखिरहेका छौं, र मलाई लागिरहेको छ, हामी त्यस युगमा छौं, जसलाई म असत्यको सामान्यीकरण भन्छु”–फौसीले भने।

“त्यहाँ धेरै गलत व्याख्यान छन् जसले चिन्ता बढाएको छ”–उनले भने।

फौसीले अमेरिकी राष्ट्रपति जो बाइडेनको शीर्ष चिकित्सा सल्लाहकार, अमेरिकी राष्ट्रिय एलर्जी र सङ्क्रमण संस्थानको निर्देशकको रूपमा काम गरेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सन्तानसुख | वृष – वाहनकष्ट |
| मिथुन – राज्यलाभ | कर्कट – धनलाभ |
| सिंह – अन्नलाभ | कन्या – व्यर्थभ्रमण |
| तुला – प्रसन्नता | वृश्चिक – पदोन्नति |
| धनु – ईश्वरभक्ति | मकर – वादविवाद |
| कुम्भ – नारीसुख | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# महानगरका नीति तथा कार्यक्रम

## मौलिकतासहितका शहरी पूर्वाधार निर्माणमा जोड

काठमाडौं, ९ असार/रासस

हरेक वर्ष जेठ १५ गते सङ्घीय बजेट र असार १ गते प्रदेशको बजेट सार्वजनिक गर्ने कानूनी व्यवस्था अनुसार केन्द्र सरकार र प्रदेश सरकारले आव २०८०/८१ को वार्षिक बजेट ल्याइसकेका छन्। सङ्घ र प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय हस्तान्तरणमार्फत पठाउने रकमको टुङ्गो लागेसँगै स्थानीय तहले पनि आगामी आर्थिक वर्षको बजेटको अन्तिम तयारी गरिरहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा पालिकाहरूले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र नगरसभामा पेश गर्नुपर्नेछ भनी व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार केही पालिकाले आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट ल्याइसकेका छन् भने अधिकांश पालिका आइतवार ल्याउने तयारीमा छन्।

स्थानीय तहले हरेक आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा वार्षिक राजस्व र व्ययमा गत आर्थिक वर्षको यथार्थ विवरण, चालू आर्थिक वर्षको अन्तिमसम्म हुने आम्दानी र खर्चको संशोधित अनुमान, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आयव्ययको अनुमानित विवरण खुलाउनुपर्ने व्यवस्था रहेको छ। सङ्घ सरकारले पठाएको आव २०८०/८१ को वार्षिक कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना (२०८०/८१–२०८२/८३) को खाकासहितको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९ लाई हेरेर वार्षिक बजेटको काम स्थानीय तहले गर्छन्।

काठमाडौं, ललितपुर र वीरगंज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम ल्याइसकेका छन् भने पोखरा, भरतपुर र विराटनगर मनपाले आइतवार ल्याउँदै छन्। महानगरको नीति तथा कार्यक्रममा आवधिक योजना र मध्यकालीन खर्च संरचना तर्जुमा गर्ने, कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा खरीद कार्ययोजना तर्जुमा गर्ने, वार्षिक योजना कार्यान्वयनको त्रैमासिक समीक्षा गर्नेलगायत विषयलाई प्राथमिकतामा राखेका छन्।

त्यस्तै, मौलिकता झल्किनेगरी शहरी पूर्वाधार तयार पार्ने, शहरी सुन्दरता कायम गर्ने गरी पूर्वाधार बनाउने, स्वास्थ्य, शिक्षा, खानेपानी, सहज यातायात सुविधालगायत नागरिकका मौलिक हकसँग जोडिएका विषयलाई ध्यानमा राखेर वार्षिक नीति तथा कार्यक्रम तयार पारिएका छन्। सहज सेवा प्रवाह, प्रविधिमैत्री सेवा प्रवाह, आर्थिक अनुशासन पालना, खर्चमा पारदर्शिता र मितव्ययितालगायत विषयलाई प्राथमिकता दिएर वार्षिक नीति तथा कार्यक्रम तयार पारिरहेका छन्।

### १० स्थानीय तहले ल्याए बजेट, बाँकीको भोलि

आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ७५३ मध्ये १० स्थानीय तहले बजेट सार्वजनिक गरेका छन्।

स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले प्रत्येक वर्षको असार १० गतेअघि नै वार्षिक बजेट ल्याउनुपर्ने व्यवस्था छ। सोही व्यवस्थाअनुसार हालसम्म १० स्थानीय तहले बजेट सार्वजनिक गरिसकेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जानकारी दिएको छ। बाँकी ७४३ स्थानीय तहले आइतवार बजेट सार्वजनिक गर्नेछन्।

मन्त्रालयका अनुसार कोशी प्रदेशका दुई, मधेस प्रदेशका एक, बागमती प्रदेशका एक, गण्डकी प्रदेशका चार र सुदूरपश्चिम प्रदेशमा दुई गरी जम्मा १० स्थानीय तहले बजेट ल्याइसकेका छन्।

मन्त्रालयका अनुसार कोशी प्रदेश अन्तर्गत इलामको देउमाई नगरपालिका र मोरङको जहदा गाउँपालिकाले असार ७ गते बजेट ल्याइसकेका छन्। साथै मधेस प्रदेशका महोत्तरीका एकडारा गाउँपालिका, बागमती प्रदेश अन्तर्गतको धादिङको नीलकण्ठ नगरपालिकाले पनि असार ७ गते नै बजेट सार्वजनिक गरिसकेका छन्।

गण्डकी प्रदेश अन्तर्गत स्याङ्जाको पुलतीबजार नगरपालिका, गोरखाको शहीद लखन गाउँपालिका, म्याग्दीको रघुगङ्गा गाउँपालिका र मुस्ताङको घरपझोङ गाउँपालिकाले पनि असार ७ गते नै बजेट सार्वजनिक गरिसकेका छन्। साथै सुदूरपश्चिम प्रदेशबाट कैलालीको जानकी गाउँपालिकाले असार ८ गते र दार्चुलाको दुह्मा गाउँपालिकापनि असार ७ गते बजेट सार्वजनिक गरिसकेका छन्।

सङ्घबाट प्राप्त हुने चार प्रकारका अनुदान र राजस्व बाँडफाँटबाट जाने रकम स्थानीय तहको बजेटको मुख्य स्रोतका रूपमा मानिन्छ। सङ्घीय सरकारले वार्षिक बजेटबाट स्थानीय तहलाई वित्तीय समानीकरण, सर्शत अनुदान, समपूरक विशेष अनुदान छुट्याएको हुन्छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय सरकारले ऐनअनुसार असार १० गतेभित्र बजेट पेस भए नभएकालाई मूल्याङ्कनमा एक सूचक मान्ने गरेको छ।

### काठमाडौं महानगरपालिका

काठमाडौं महानगरपालिकाको १३औं अधिवेशनको दोस्रो बैठकबाट शुक्रवार वार्षिक नीति तथा कार्यक्रम पारित गरिएको छ। ‘सांस्कृतिक शहर, समृद्ध महानगर’ को दीर्घकालीन सोचसहित आगामी वर्षका लागि महानगरपालिकाले ११ बुँदामा नीति र १२५ बुँदामा कार्यनीति पेश गरेको छ। शहरी पूर्वाधार विकास प्राथमिकतामा राखिएको छ। ‘धूलो धूवाँरहित महानगर’, ‘एक वडा एक पार्क’ र खेल मैदान, सडकका खाल्डाखुल्डी पुर्ने तथा सबै भित्री सडक कालोपत्र गर्ने वार्षिक योजना महानगरको रहेको छ।

त्यस्तै एक लाख बिरुवा रोप्ने, ‘वन स्टप सर्भिस सेन्टर’मा आधारित यातायात प्रणाली सञ्चालन गर्ने, परम्परागत खाद्य तथा पेय पदार्थको ब्रान्डिङ गरेर निर्यात गर्ने, कम्तीमा पाँच हजार रोजगार सिर्जना गर्ने, तीन वर्षभित्र निर्माण सम्पन्न हुनेगरी १० वटा महानगर गौरवका योजना सञ्चालन गर्ने नीति महानगरले लिएको छ। ऐतिहासिक, धार्मिक तथा पुरातात्त्विक महत्त्वका मठ, मन्दिर, बहाल, पोखरी, हिटी, चैत्य, स्तूपा आदिको अभिलेख राखी संरक्षण गरिने पनि वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ।

अर्गानिक खाद्य तथा तरकारीमा आत्मनिर्भर बनाउन कम्तीमा एक वडामा एग्रोपुलिङ शुरूआत गर्ने महानगरले उद्देश्य राखेको छ। महानगरभित्र निजीस्तरमा सञ्चालित कन्सलटेन्सी, कोचिङ सेन्टर, तालिम केन्द्र, छात्रावास आदिको प्रभावकारी नियमन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

स्वास्थ्य क्षेत्रमा नगर अस्पताल सञ्चालन, निजी तथा सामुदायिक अस्पतालसँग सहकार्य गरेर सुलभ फार्मेसी सञ्चालन गरी औषधि खरीदमा सहुलियत दिने, आर्थिकरूपमा कमजोर र विपन्न नागरिकका लागि निश्शुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने नीति काठमाडौं महानगरको रहेको छ। सबै बस स्टपमा फल्चा तयार पार्ने, सार्वजनिक शौचालय बनाउने, खानेपानी तथा फ्री वाइफाइ जडान गरिनेलगायत विषय वार्षिक नीति तथा कार्यक्रममा राखिएको छ। त्यस्तै, तीनकुनेको जग्गामा मुआब्जा विवाद टुङ्ग्याएर अन्तर्राष्ट्रियस्तरको पार्क निर्माण गर्ने योजना महानगरको छ।

‘गरिखाने शिक्षा, महानगरको इच्छा’, ‘एक विद्यालय एक नर्स’, ‘एक विद्यालय एक सामाजिक सहजकर्ता’, ‘सुलभ स्वास्थ्य सेवा, नागरिकलाई टेवा’, ‘सुलभ फार्मेसी’, ‘धूलोरहित काठमाडौं’, ‘सुन्दर महानगर’, ‘उज्यालो शहर, मेरो महानगर’ यस वर्षको कार्यनीतिमा समेटिएका छन्। यस्तै ‘संस्कृति, सम्पदा र पर्यटन, महानगरको धन’, ‘न्याय चौतारी’, ‘एग्रोपुलिङ’, ‘साथी महानगर’, ‘एक टोल, एक खेलकूद पूर्वाधार’, ‘डुबान समाधान’, ‘सुशासनका लागि अनलाइन सेवा’, ‘महानगरले देख्छ’, ‘मेरो रहर, हरित शहर’, ‘मिसन २१००’ कार्य नीति छन्।

### ललितपुर महानगरपालिका

ललितपुर महानगरपालिकाले तेस्रो नगरसभाबाट असार ६ मा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम नगर सभामा पेश गरेको छ।

सम्पदा संरक्षणसहित शहरी पूर्वाधार निर्माण, नागरिकको मौलिक हकका रूपमा रहेका शिक्षा, स्वास्थ्य, खानेपानीलगायत विषयलाई महानगरले आगामी आर्थिक वर्षको आफ्नो नीति तथा कार्यक्रममा राखेको छ। नागरिकका गुनासो सम्बोधन गर्ने विषयलाई पनि महानगरले प्राथमिकतामा राखेको छ। त्यस्तै, रोजगार सिर्जनाका लागि श्रम बैंकको स्थापना, पूर्वाधार निर्माणका लागि आयोजना बैंकको तर्जुमा गर्ने नीति ललितपुर महानगरले लिएको छ।

महानगरले स्वास्थ्य क्षेत्रमा नगर अस्पताल बनाउन अध्ययन थाल्ने, एम्बुलेन्स सेवा विस्तार गर्नेलगायत कार्यक्रम राखेको छ। शिक्षा क्षेत्रमा तीन कक्षासम्मको पढाइ नेपाल भाषा (नेवारी) मा गर्ने र प्रत्येक वर्ष माथिल्ला कक्षामा क्रमशः नेपाल भाषाका कक्षाहरू थप गर्दै लगिने उल्लेख छ।

सामुदायिक विद्यालयमा नेपाल भाषाको पठनपाठन गर्न प्रत्येक विद्यालयमा एकजना शिक्षकको व्यवस्था गरिने छ। ऐतिहासिक तथा परम्परागत स्थलहरू, सम्पदा, संस्कृति, रहनसहन, खानपान, सीपलाई प्रोत्साहन गर्नेगरी पाठ्यक्रम बनाइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ।

महानगरभित्र हरियाली प्रवर्द्धन गर्ने नीति अनुरूप विभिन्न स्थानमा पार्क निर्माण गर्ने, आवश्यक स्थानमा आकाशेपुल निर्माण, धूलोरहित सडक व्यवस्थापनका लागि नक्खु खोला र अन्य उपयुक्त स्थानमा टिपर पखाल्ने प्रविधि जडान गर्नेलगायत कार्यक्रम राखिएको छ। टिपरलगायत मालवाहक सवारीसाधन आवागमन नक्खु र बागमती करिडरबाट मात्रै गर्ने व्यवस्था पनि वार्षिक नीति तथा कार्यक्रममा राखिएको छ।

परम्परागत पानीका मुहान, ढुङ्गेधारा, कुवा, इनार, पोखरीजस्ता स्रोतको संरक्षण गर्ने नीति ललितपुर महानगरले लिएको छ। त्यस्तै, सिस्नेरी खोलाको पानी उपत्यकामा ल्याउन सम्बन्धित निकायसँग सहकार्य गर्ने, हरेक घरमा स्वच्छ खानेपानी पुऱ्याउने, पानीको वितरण प्रणाली व्यवस्थित गर्ने, पैदल यात्रुलाई शुद्ध पिउने पानीको व्यवस्थाका लागि ‘वाटर एटिएम’ सञ्चालन गर्ने लगायत योजना वार्षिक नीति तथा कार्यक्रममा राखिएका छन्।

एक वडा एक हरियाली उद्यान निर्माण गर्ने, मुख्य सडकका फूटपाथमा बिरुवा रोप्ने, योगशाला निर्माण गर्ने, परम्परागत चौतारा संरक्षण र निर्माण गर्ने, वातावरण प्रहरी कार्यक्रम सञ्चालन गर्नेलगायत योजना वार्षिक नीति तथा

(बाँकी अन्तिम पातामा)

# फेटा गापाको बजेट ३५ करोड ६३ लाख

प्रस, वीरगंज, ९ असार/

बाराको फेटा गाउँपालिकाको १२ औं गाउँसभा आज सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

फेटा गाउँपालिका परिसरमा आयोजित सभाले आव २०८०-०८१ को लागि रु ३५ करोड ६३ लाख ६२ हजार बराबर अनुमानित बजेट पारित गरेको छ।

गापा उपाध्यक्ष नीलम साहले प्रस्तुत गरेको नीति तथा कार्यक्रम एवं बजेटमा शिक्षा, स्वास्थ्य, कृषि, भौतिक संरचना, सामाजिक विकासलगायत शीर्षकलाई प्राथमिकतामा राखिएको छ।

विनियोजित बजेटमा सङ्घ सरकारबाट वित्तीय समानीकरण अनुदान १० करोड ६ लाख, समपूरक अनुदान ८० लाख, सशर्त अनुदान १४ करोड ४८ लाख,राजस्व बाँडफाँड ७ करोड २८ लाख, प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान ८१ लाख ३० हजार, विशेष अनुदान ३० लाख, समपूरक अनुदान २० लाख, आन्तरिक स्रोतबाट ५० लाख गरी कुल रु ३५ करोड ६३ लाख ६२ हजारको बजेट पारित भएको गापाका प्रमुख प्रशासकीय अधिकृत गौरीशङ्कर सिंहले बताए। बजेटमा चालूतर्फ १२ करोड ५० लाख, पूँजीगततर्फ ८ करोड ६५ लाख, सशर्ततर्फ १४ करोड ४८ लाख बजेट विनियोजन भएको जनाइएको छ।

गापा अध्यक्ष रूस्तम अन्सारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा अध्यक्ष,वडा सदस्य, कर्मचारी, सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

# जसपाले पाँचजना केन्द्रीय सदस्य निष्कासन गर्ने

काठमाडौं, ९ असार/रासस

जनता समाजवादी पार्टी (जसपा) नेपालको आज बसेको केन्द्रीय समितिको बैठकले पार्टीका पाँचजना केन्द्रीय सदस्यलाई पार्टीबाट निष्कासन गर्ने निर्णय गरेको छ।

आजको बैठकले विसं २०७९ मङ्सिरमा सम्पन्न निर्वाचनमा अन्तर्घात गर्ने पार्टीका केन्द्रीय सदस्य दीपेन्द्र नेम्वाङ, देउकुमार नेम्वाङ, महेन्द्र चौधरी, मनोरञ्जन गोइत र धर्मेन्द्र मरवैतालाई पार्टी सदस्यबाट निष्कासन गर्ने निर्णय गरेको सो पार्टीका केन्द्रीय प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए।

उनका अनुसार छानबीन समितिको प्रतिवेदनको सिफारिश अनुसार पाँच जनालाई पार्टीबाट निष्कासन गर्नुका साथै पार्टीका केही केन्द्रीय नेताहरूलाई नसिहत दिने निर्णय भएको छ।

कारबाईको निर्णयउपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले १५ दिनभित्र पार्टीको अनुशासन आयोगमा निवेदन दिन सक्ने जनाइएको छ।

यसैगरी आजको बैठकले विधान मस्यौदा अनुमोदन गरेको छ। उक्त अनुमोदित विधानको मस्यौदा आइतवारदेखि शुरू हुने विधान अधिवेशनमा प्रस्तुत हुने जनाइएको छ। सशस्त्र जनयुद्ध, जनान्दोलन र मधेस जनविद्रोहजस्ता राजनीतिक सङ्घर्ष र आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षार्थ गठित पार्टी सम्बद्ध समाजवादी मोर्चालाई पार्टीको केन्द्रीय समितिको बैठकले अनुमोदन गरेको केन्द्रीय प्रचार विभाग प्रमुख बस्नेतले बताए।

केन्द्रीय कार्यकारिणी समिति र राजनीतिक समितिका बैठकले गरेका यस अघिका निर्णयलाई समेत आजको बैठकले अनुमोदन गरेको जनाइएको छ।

आइतवारको बैठकमा केन्द्रीय समितिका ४२३ सदस्य, साथै प्रदेश समिति, राष्ट्रिय समिति, विशेष प्रदेश समिति, जिल्ला समिति, महानगर, भ्रातृ सङ्गठन तथा केन्द्रीय समितिबाट मानोनीत हुने १० जना सहित ७७८ प्रतिनिधि सहभागी हुने सो पार्टीले जनाएको छ। यसरी सहभागी प्रतिनिधिलाई ११ वटा समूहमा विभाजन गरेर विधानमाथि छलफल हुने जनाइएको छ।

## चार दलको संयुक्त ...

निर्माण, विकासका कामहरूको अनियमितताको पर्दाफाश गर्ने चार दलले निर्णय गरेको छ।

बैठकमा नेकपा माओवादी केन्द्रका सलाउदिन अहमद, नेकपा एमालेका अब्बास मियाँ, सुनील साह, जनमत पार्टीका दिपेन्द्र साह र लोसपाका ललन प्रसाद कुर्मीलगायतको सहभागिता थियो।

## गुणस्तरीय शिक्षा ....

गरेका थिए।

उनले कार्यक्रममा बोल्दै नगरपालिकाको प्राथमिकता शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार र पर्यटन स्थलको नमूना विकास गर्ने योजना तयार भएको र सबै क्षेत्र विकासमुखी बनाउन नगरपालिका प्रतिबद्ध रहेको बताएका थिए।

कार्यक्रमको सहजीकरण स्वास्थ्य शाखा प्रमुख नारायणप्रसाद पौडेलले गरेका थिए।




# खेलकूदको संसार

## नेपाल नेदरल्यान्डसँग पराजित

काठमाडौं, ९ असार/रासस

आइसिसी एक दिवसीय विश्वकप छनोटमा नेपाल नेदरल्यान्डसँग पराजित भएको छ। यो हारसँगै नेपाल सुपर सिक्समा पुग्ने सम्भावना टुङ्गिएको छ।

जिम्बावेको हरारेस्थित ताकासिङ्गा स्पोर्ट क्लबको मैदानमा आज भएको समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल नेदरल्यान्डसँग सात विकेटले पराजित भएको हो। जितसँगै नेदरल्यान्ड भने सुपर सिक्समा प्रवेश गरेको छ।

त्यस्तै यो खेलसँगै समूह 'ए' बाट सुपर सिक्समा पुग्ने टोलीको टुङ्गोसमेत लागेको छ। समूह 'ए' मा रहेको नेपाल र अमेरिका प्रतियोगिताबाट बाहिरिएका छन् भने नेदरल्यान्ड, जिम्बावे र वेस्टइन्डिज प्रतियोगिताको सुपर सिक्समा प्रवेश गरेका छन्।

नेदरल्यान्डको जितमा म्याक्स ओडाउडले ७५ बलमा आठ चौका र छ छक्कासहित ९० रन बनाए। त्यस्तै साव डि लिडेले ४१ रन र विक्रमजित सिंहले ३० रन बनाए। नेपालका सन्दीप लामिछानेले दुई विकेट र गुलशन झाले एक विकेट लिए।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४४.३ ओभरमा सबै विकेट गुमाउँदै १६७ रनको योगफल बनाएको थियो। नेपालका लागि कप्तान रोहित पौडेलले ३३, कुशल भुर्तेल र सन्दीप लामिछानेले समान २७-२७, भीम सार्कीले २२, गुलशन झाले १५, दीपेन्द्रसिंह ऐरीले १४ र कुशल मल्लले १२ रन बनाए।

नेदरल्यान्डका लागि लागन भान विकले चार विकेट लिए भने विक्रमजित सिंह र बास डि लिडेले समान दुई/दुई विकेट हात पारे। त्यस्तै क्लेटन फ्लोयड र आर्यन दत्तले समान एक-एक विकेट लिए।

नेपाल यस अघि जिम्बावेसँग आठ विकेट र वेस्टइन्डिजसँग १०१ रनको फराकिलो अन्तरले पराजित भएको थियो। त्यस्तै नेपालले अमेरिकालाई भने ६ विकेटले पराजित गरेको थियो।

यस अघि जिम्बावेसँग छ विकेटले पराजित नेदल्यान्डले अमेरिकालाई पाँच विकेटले हराएको थियो। समूह चरणको आफ्नो अन्तिम खेल सोमवार नेदरल्यान्डले वेस्टइन्डिजसँग खेल्नेछ।

## साफ च्याम्पियनसिप फूटबलमा कुवेत विजयी

काठमाडौं, ९ असार/

भारतमा जारी १४औं संस्करणको साफ च्याम्पियनसिप फूटबल प्रतियोगिताअन्तर्गत शनिवार भएको पहिलो खेलमा आमन्त्रित टोली कुवेतले पाकिस्तानलाई पराजित गरेको छ।

भारतको बैङ्लोरस्थित कान्तिरभा रङ्गशालामा आज भएको खेलमा कुवेतले पाकिस्तानलाई ४-० गोल अन्तरले पराजित गरेको हो।

कुवेतको जीतमा मुबारक फानिनीले दुई गोल र सुल्तान इनिजी र इद राशिदीले समान एक/एक गोल गरे। खेलको १०औं मिनेटमा इनिजीले गोल गर्दै कुवेतलाई शुरूआती अग्रता दिलाएका थिए। त्यस्तै खेलको १७औं मिनेटमा फानिनीले गोल गर्दै कुवेतको अग्रता दोब्बर बनाए। खेलको पहिलो हाफको अतिरिक्त समयमा फानिनीले व्यक्तिगत दोस्रो गोल गरे भने ९औं मिनेटमा राशिदीले गोल गरेका थिए।

जीतसँगै समूह 'ए' मा रहेको कुवेतले दुई खेलमा ६ अङ्क जोडेको छ। पहिलो खेलमा कुवेतले नेपाललाई ३-१ गोलअन्तरले पराजित गरेको थियो। पाकिस्तान भारतसँग पराजित भएको थियो। साफ च्याम्पियनसिपको अर्को खेलमा अहिले नेपाल र भारत प्रतिस्पर्धा गरिरहेका छन्। जसमा पहिलो हाफ गोलरहित बराबरीमा टुङ्गिएको छ।

## महानगरका नीति ....

कार्यक्रममा राखिएका छन्। विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गर्ने र ४० माइक्रोनभन्दा कमका प्लास्टिक झोला प्रयोगमा रोक लगाउने नीति ललितपुर महानगरपालिकाको नीति तथा कार्यक्रममा राखिएको छ। महानगरले कालोपत्र भएका सडक कम्तीमा दुई वर्षसम्म नखन्ने नीति लिएको छ।

त्यस्तै, चक्रपथको सडकमा थप आकाशे पुल निर्माण गर्ने, भर्टिकल पार्किङ निर्माण गर्ने, साइकल लेन तयार पार्नेलगायत योजना राखिएका छन्। सबै वडामा सार्वजनिक शौचालय बनाउने, पैदल यात्रुलाई खानेपानीको सुविधा दिन 'वाटर एटिएम' बनाउने पनि वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ। विश्व सम्पदा क्षेत्रमा रहेका घर तथा भवन पुरातात्त्विक मापदण्ड अनुसार बनाउने नीति ललितपुर महानगरको रहेको छ।

पाटन दरबार क्षेत्रमा सवारीसाधन निषेध गर्ने, हस्तकला संरक्षणका लागि कला संरक्षण तथा अध्ययन केन्द्र स्थापना गर्ने, मापदण्डबाहिरका भवनलाई मापदण्डमा ल्याउने, खोकना र बुङमतीलाई सांस्कृतिक एवं पर्यटकीय क्षेत्र घोषणा गर्नेलगायत कार्यक्रम राखिएका छन्। परम्परागत राजकुलो ब्युँताउँदै टीकाभैरव क्षेत्रबाट लगनखेलसम्म ल्याइने र रातो मत्स्येन्द्रनाथ रूटको संरचना व्यवस्थित गरिने महानगरको योजना छ।

**वीरगंज महानगरपालिका**

वीरगंज महानगरपालिकाले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि र सबैका लागि अनिवार्य निश्शुल्क शिक्षा उपलब्ध गराउन विद्यालय शिक्षा स्वयंसेवा कार्यक्रम सञ्चालन गर्ने विशेष नीति लिएको छ। पर्यटनमार्फत आर्थिक गतिविधिलाई गतिशीलता दिन वीरगंजलाई धार्मिक पर्यटन क्षेत्रका रूपमा अगाडि बढाइने जनाइएको छ।

शिक्षामा सबैको पहुँच स्थापित गर्न विद्यालय भर्ना अभियान चलाउने र स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागू गर्ने नीति वीरगंज मनपाको रहेको छ। शहीद परिवारका छोराछोरी, गरीब, जेहेन्दार विद्यार्थी, अपाङ्ग, असहाय तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। त्यस्तै पूर्ण साक्षर वडा घोषणा गर्दै पूर्ण साक्षर महानगरको अभियान चलाइने जनाइएको छ। आर्थिक रूपमा सबल बनाउन युवाहरूलाई पढाइसँगै रोजगार दिने नीति लिइने उल्लेख छ।

त्यस्तै स्वास्थ्य क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाहरू निश्शुल्क उपलब्ध गराइने जनाइएको छ। ज्येष्ठ नागरिक, महिला, बालबालिकाका लागि औषधि उपचार, गर्भवती तथा सुत्केरी आमा र नवजात शिशुका लागि पोषणयुक्त खाद्यान्नको व्यवस्था गरिने पनि महानगरको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ। महानगरभित्र रहेका क्षयरोगीको सङ्ख्या शून्यमा झारी क्षयरोगमुक्त वीरगंज घोषणा गर्ने योजना पनि महानगरको रहेको छ।

वीरगंज महानगरपालिकालाई स्वच्छ, सफा र सुन्दर बनाउन 'खुला नालामुक्त शहर' को अवधारणा कार्यान्वयनमा ल्याइने जनाइएको छ।




तस्वीरः प्रतीक

नगरका मुख्य स्थानमा समुदायको सहकार्यमा सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन गर्ने, नगरभित्रका सडक किनारा र सार्वजनिक स्थानलाई हरियाली, सुन्दर र सफा राख्ने, टेलिफोन, इन्टरनेट, तथा टेलिभिजन सेवा प्रदायकहरूका तार र जथाभावी राखिएका होर्डिङ बोर्ड व्यवस्थित गरी नगर सौन्दर्य प्रवर्द्धन गर्ने नीति लिइएको छ।

पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरू पहिचान गरी 'नगर आयोजना बैंक' तयार पार्ने नीति यो महानगरले लिएको छ। विगत ३५ वर्षदेखि अलपत्र परेको वीरगंज-२५ सिर्सिया खल्वाटोलामा वीरगंज नगर विकास समितिको व्यवस्थित शहरी विकास योजनाको जग्गा छुट्याउने कार्य सम्पन्न भइसकेकोले सम्पूर्ण पूर्वाधार व्यवस्थापन गरी नयाँ शहरका रूपमा विकास गरिने जनाइएको छ।

नगर सडक गुरुयोजना तथा एकीकृत शहरी विकास योजना तर्जुमा गर्ने वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ। वीरगंज चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गरी उक्त सडकका पूर्व-पश्चिम र उत्तर-दक्षिण लिङ्क रोडहरू निर्माण गर्ने अवधारणा कार्यान्वयन गरिने जनाइएको छ।

महानगर क्षेत्रभित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनमा पार्किङ स्थलको व्यवस्था अनिवार्य गर्नुपर्ने, आवासीय भवनमा 'एक घर-दुई बिरुवा' नीति लागू गर्नाका साथै पानी रिचार्जको व्यवस्था गर्नुपर्ने नियमलाई अनिवार्य गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। महानगर क्षेत्रभित्र नयाँ बन्ने भवनहरूमा सडकतर्फ पाँच फिट सेट ब्याक छाडी घर बनाउनुपर्नेछ। महानगर क्षेत्रभित्र व्यावसायिक प्लटिङ गर्नेले अनिवार्य रूपमा प्लटिङ स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ।

त्यस्तै वीरगंज महानगरपालिकाको सीमा क्षेत्र यकीन गरी नगर सिमानामा कलात्मक तथा वीरगंजको ऐतिहासिक मौलिकता झल्किने स्वागतद्वार निर्माण गरिनुका साथै वीरगंज घण्टाघर नजीकको खाली जग्गामा भएको बजार स्थानान्तरण गरी आधुनिक पार्क निर्माण अगाडि बढाइने वार्षिक नीति तथा कार्यक्रममा जनाइएको छ।

## विषादीको प्रयोगमा सचेत बनौं

**विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरू,**

- थकान महसूस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखीभौं फरफराउनु।
- नाक पोल्नु, पातलो सिङ्गान बगिरहनु, खोकी लाग्नु, वाकवाकी लाग्नु, बान्ता हुनु र निद्रा नपर्नु।
- हिंड्दा लड्खडाउनु, कम्पन हुनु, होश हराउनु, स्वाँ-स्वाँ बढ्नु र मुर्छा पर्नु।
- त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुन सक्ने भएकोले विषादीको प्रयोगमा सावधानी अपनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**